**३० औं महानगर दिवस, २०८१**
**काठमाडौं महानगरपालिकाका उपप्रमुख श्री सुनिता डंगोलज्यूका**
**स्वागत मन्तव्य**
२०८१ मंसिर २९ गते शनिवार
नेपाल संवत् ११४५, थिंलाथ्व चतुर्दशी
सैनिक मञ्च, टुँडिखेल

- ३० औं महानगर दिवस समारोहका अध्यक्ष एवं काठमाडौं महानगरपालिकाका प्रमुख श्री बालेन्द्र शाहज्यू
- प्रमुख अतिथि सम्माननीय उप-राष्ट्रपति श्री रामसहाय प्रसाद यादवज्यू,
- विशिष्ट अतिथि नेपाली सेनाका सहायक रथीज्यू,
- संघीय प्रतिनिधि सभाका माननीय सांसदज्यूहरु,
- काठमाडौं महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यू,
- जिल्ला प्रशासन कार्यालय, काठमाडौंका प्रमुख जिल्ला अधिकारीज्यू
- काठमाडौं महानगरपालिका, सहरी योजना आयोगका उपाध्यक्षज्यू तथा सदस्यज्यूहरु
- काठमाडौं महानगरपालिकाका प्रवक्ता तथा विषयगत समितिका संयोजकज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, नगर सभा सदस्यज्यूहरु, प्रमुखज्यूको धर्मपत्नी श्री सबिना काफ्लेज्यू,
- विभागीय प्रमुखज्यूहरु तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु,
- विभिन्न वडाबाट सांस्कृतिक झाँकीसहित पाल्नुभएका सांस्कृतिक तथा सामाजिक क्षेत्रबाट पाल्नुभएका व्यक्तित्वहरु
- विभिन्न क्षेत्रमा ख्यातिप्राप्त आज सम्मानित हुनुहुने व्यक्तित्वहरु
- आम सञ्चारकर्मी, सुरक्षाकर्मी तथा
- यहाँ उपस्थित महानगरवासी, जेष्ठ नागरिक

आज हामी काठमाडौं महानगरपालिकाको गौरवमय ३० औं गौरवमय महानगर दिवसको अवसरमा उपस्थित भएका छौं । यो विशेष अवसरमा यहाँहरुलाई म संस्थागत तथा व्याक्तिगतरुपमा हृदयदेखि स्वागत गर्न चाहन्छु ।

उपस्थित महानुभावज्यूहरु ।

नेपालको संविधानमा व्यवस्था भएका तीन तहका सरकारहरुमध्ये जनताको निकटमा रही आम जनतालाई गुणस्तरीय सेवा प्रवाह गर्ने स्थानीय सरकारको काम कर्तव्य र अधिकार कार्यान्वयन गर्न काठमाडौं महानगरपालिकाले हरतरहले प्रयास गरिरहेको छ । महानगरपालिकाबाट सम्पादन हुने कार्यहरु सम्वन्धी नीतिगत व्यवस्था, सार्वजनिक सेवा प्रवाह, विकास व्यवस्थापन, दैनिक प्रशासनिक कार्यहरुलाई नागरिकमैत्री, मितव्ययी, प्रभावकारी नतिजामूलक, सहभागितामूलक र पारदर्शी वनाउने गरी कार्य भइरहेको छ । यसका लागि सूचना तथा प्रविधिको अधिकतम र प्रभावकारी प्रयोग, आवश्यक नीति तथा कानुन तर्जुमा र सोको कार्यान्वयन, स्रोत साधनहरुको प्रभावकारी परिचालन हाम्रा प्रमुख जिम्मेवारी हुन ।

विगत देखिका विकासका प्रयासहरुलाई निरन्तरता दिँदै शहरी पूर्वाधार विकासलाई अझ बढी वातावरणमैत्री, दिगो र व्यवस्थित तुल्याउने कामलाई प्राथमिकतामा राखेर काम गरिरहेका छौं । नागरिकसँग जोडिएका तत्काल गर्नु पर्ने कामलाई **'स्वर्णिम योजना'का** रुपमा र दीर्घकालीनमा रुपमा नतिजा देखिने योजनालाई **'गौरवका योजना'का** रुपमा कार्यान्वयन गरेका छौं । स्वस्थ्य, समावेशी र पहुँचयुक्त सहर निर्माण गर्न सहभागितामूलक पद्धति अपनाएका छौं ।

यसमा सहरी पूर्वाधार निर्माण, सामाजिक तथा आर्थिक विकास, विकास व्यवस्थापन, सहरी सेवा सुविधाको समान वितरण, लक्षित समूहलाई विशेष प्राथमिकताका विषय समावेश छन् ।

फोहरमैला व्यवस्थापन, प्रदुषण नियन्त्रण, मूर्त अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण, प्रवर्धन महानगरपालिकाका नियमित काम हुन् । यसमा पनि फोहरमैलालाई स्रोतमा वर्गीकरण गर्ने, सडक तथा सार्वजनिक स्थलहरुको नियमित सरसफाइ गर्ने, सहरी व्यवस्थापनका काममा विशेष कार्यक्रम तथा योजना कार्यान्वयनमा छन् । हनुमानढोका दरवारक्षेत्रको सौन्दर्य वढाउन तारहरुलाई भूमिगत व्यवस्थापन गरिएको छ । भद्रकाली मन्दिर, महांकाल मन्दिर परिसरको चौघेरा सत्तल जस्ता ऐतिहासिक सम्पदाको पुनःनिर्माणको काम थालनी भइसकेको छ ।

आम जनताको आर्थिक सामाजिक रुपान्तरण समग्र सहरी विकासकालागि महत्वपूर्ण हुन्छ । यसकालागि उद्यमशीलता विकास, सिप विकासलगायतका कार्यक्रमको नतिजामूखी कार्यान्वयन भइरहेको छ । **एक वडा एक नमूना उद्यम**, सिप मेलालगायतका कार्यक्रमहरुले आम जनताको रोजगारी र आर्थिक विकासमा योगदान पुऱ्याएका छन् ।

काठमाडौँसँग अन्य पालिकाहरुलाई सिधा जोड्ने कार्यक्रम नीतिगत रुपमा व्यवस्था गरिएको छ । **एग्रो पुलिंग कार्यक्रम** यसको उदाहरण हो । यो कार्यान्वयनमा आएपछि कृषि उत्पादन गर्ने देशका जुनसुकै ठाउँका किसान र काठमाडौँका उपभोक्तको सम्बन्ध स्थापित हुनेछ ।

शिक्षा क्षेत्रको सुधार र विकासका लागि प्रारम्भिक बाल विकास कार्यक्रम, एकीकृत सिर्जनात्मक सिकाइ, शिक्षामा सिप, **पुस्तकरहित शुक्रबार (बुक फ्रि फ्राइडे)** जस्ता कार्यक्रमबाट नतिजा आउन थालेका छन् । विद्यालयमा अध्ययनरत विद्यार्थिहरुलाई वातावरणसंग जोडन वालवालिका र वातावरण (वावा) कार्यक्रमलाई कार्यान्वयनमा ल्याएका छौं ।

मौलिक हकका रुपमा रहेको स्वास्थ्य सम्बन्धी हकको सहज उपयोगका लागि **स्वास्थ्य बिमा कार्यक्रम** कार्यान्वयनमा आइसकेको छ । यो सेवा विस्तार भइरहेको छ । विशेषज्ञ सेवासहितको स्वास्थ्य सेवाका लागि सहरी स्वास्थ्य केन्द्रहरुको स्तरोन्नति भइरहेको छ । नागरिक स्वास्थ्य सेवाअन्तर्गत निःशुल्क पाठेघरको मुखको क्यान्सर तथा स्तन क्यान्सर जाँच सेवा, निःशुल्क एम्बुलेन्स सेवा, विपन्न र असहायलाई निःशुल्क उपचार सेवा प्रदान गरिएको छ । **सुलभ फार्मेसी** कार्यक्रम कार्यान्वयन चरणमा छ । यस्ता फार्मेसीबाट सुलभ मूल्यमा औषधी विक्रि, वितरण हुनेछ ।

अर्थतन्त्रकोको तेस्रो खम्वा मानिने सहकारीहरुको सवलीकरणकालागि प्रवर्धनात्मक र नियन्त्रणात्मक कार्यक्रमहरु सञ्चालन गरिएका छन् ।

उपभोक्तालाई स्वच्छ, सुलभ र गुणस्तरीय सामानमा पहुँच बढाउन नियमित बजार अनुगमन र सचेतनाका काम भइरहेको छ । खाद्य स्वच्छताका लागि क्षेत्रगतमा व्यवसायीहरुलाई क्षमता विकास तालिम सञ्चालन भइरहेका छन् । यसमा साना तथा मध्यम भोजनालय, मासु तथा मासुजन्य वस्तुका उत्पादक, मिठाइ व्यावसायीलाई तालिम दिइसकिएको छ । महानगरपालिकाले कार्यान्वयनमा ल्याएका पूर्वाधार योजनाहरुको सम्झौतानुसार निर्माण कार्य भए नभएको अनुगमन भइरहेको छ ।

स्थानीय तहलाई संविधानतः प्रदान गरिएको **न्यायिक समिति** सम्बन्धी प्रावधानको कार्यान्वयनलाई व्यवहारिक र संस्थागत गरिएको छ । न्यायमा पहुँच नपुगेकाहरुलाई पहुँच पुऱ्याउने उद्देश्यका साथ वडा तहसम्म न्यायिक सेवा प्रवाह र निःशुल्क कानुनी सेवा प्रदान गरिएको छ । लैङ्गिक हिंसा न्यूनीकरणका लागि महिला सञ्जाल संयन्त्रलाई प्रभावकारी बनाइएको छ । पैसा नभएकै कारण अदालतमा पहुँच राख्न नसक्नेहरुका लागि निःशुल्क कानुनी सेवा उपलब्ध गराइएको छ । स्थानिय विवादहरुलाई मेलमिलापका माध्यमवाट निरुपण गर्न प्रोत्साहन गरिएको छ ।

झन्झटरहित, पारदर्शी सेवाका लागि **एकल सेवा केन्द्र सञ्चालन** गरेका छौँ । सेवामा सबैको पहुँच बढाउन सांकेतिक भाषा अनुवादकको व्यवस्था गरेका छौँ । डिजिटल माध्यमबाट नक्सा पास, घरबाटै कर तिर्ने सुविधा व्यवस्थापन गरेका छौँ । श्रम बैंकमार्फत रोजगारदाता र बेरोजगार व्यक्तिहरुलाई जोडेका छौँ ।

काठमाडौँ महानगरपालिकाले भगिनी सम्बन्ध भएका अन्तरराष्ट्रिय सहरहरुसँग सहरी विकास, विकास निर्माण तथा व्यवस्थापनका ज्ञान, सिप र अनुभव आदानप्रदान गरिरहेको छ । नागरिकलाई सम्भावित **विपद् र महामारीबाट** बचाउने संयन्त्रमा काम गरिरहेको छ । यस्तै विपदमा परेका देशभित्रका स्थानीय तहलाई नागरिकको बन्दोबस्ती र आपत व्यवस्थापनका लागि सहयोग उपलब्ध गराउने गरेको छ ।

महानगरपालिकाले **युनेस्को क्रियटिभ सिटिज नेटवर्कमा** चलचित्र सहरका रुपमा सदस्यता प्राप्त गरेको छ । यसबाट सम्पदा, कला, साहित्य र सिर्जनाका आयामलाई रचनात्मक उद्योगका रुपमा विकास गर्ने र यसबाट स्थानीयबासीको आयमा टेवा पुऱ्याउने लक्ष्य राखेको छ ।

अन्त्यमा
काठमाडौँलाई मौलिकतासहितको समृद्धिमा लैजान सहयोग गर्ने, समन्वय गर्ने र साझेदारिता अगाडि बढाउने सबै पक्षप्रति महानगरपालिका परिवारकोतर्फबाट आभार प्रकट गर्न चाहन्छु । अझै पनि केही क्षेत्र र विषय छन्, जसलाई आपसी समन्वयबाट मात्र नतिजामा पुऱ्याउन सकिन्छ । यस्ता काम तथा महानगरपालिकाले नीति, योजना तथा कार्यक्रममा समावेश गरेका कार्यक्रमको कार्यान्वयनका लागि सबै पक्षबाट पूर्ववत् रचनात्मक सहयोग प्राप्त हुने अपेक्षा गर्दछु ।

आजको कार्यक्रममा उपस्थित भएर महानगरपालिकालाई प्रोत्साहित गर्ने प्रमुख, अतिथि, विशिष्ट अतिथिसहित मञ्चासीन विशिष्ट व्यक्तित्व तथा उपस्थित सबैप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । कार्यकम स्थल उपलब्ध गराइ सहयोग गर्नु भएकोमा नेपाल सरकार, नेपाली सेना लगायत अन्य विषयगत निकायहरुलाई धन्यवाद दिन चाहान्छु ।

धन्यवाद

नमस्कार

सुनिता डंगोल
उपप्रमुख